# युवालाई मुर्ति बनाउने तालिम

## संचालनका लागि तयार पारिएको

## कार्यशर्त विवरण (Terms of Reference)

२०८१

**यशोधरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सामाजिक विकास शाखा**

**बैदौली, कपिलवस्तु**

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैौली,कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# युवालाई मुर्ति बनाउने तालिम

## १. पृष्ठभुमी :

यशोधरा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तरगत कपिलवस्तु जिल्लामा रहेको छ । यो गाउँपालिका कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि दक्षिण तिर भारतको सीमा संग जोडिएको छ । यस गाउँपालिका अन्तरगत ८ वटा वडाहरु रहेका छन । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको ४४९०० जनसंख्या रहेको छ । यस पालिकामा तराई मधेसका विभिन्न जातजातीहरुको बसोबास रहेको छ । लै.स.सा.स. परिक्षण र LISA सूचकको आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था कमजोर रहेको देखिनछ ।

नेपालमा युवा (१६ देखि ४० वर्ष उमेर समूह) को जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३ प्रतिशत रहेको छ भने यशोधरा गाउँपालिकामा युवाको कुल जनसंख्याको  करिब ४१ प्रतिशत ( १८४८०) जनसंख्या रहेको छ । सय पालिकामा बसोबास गर्ने युवाहरु रोजगारीको लागि प्रायः विदेश पलायन हुने गरेका छन । प्राविधिक सिप नभएको कारणले कम ज्यालामा काम गर्नु पर्ने, विभिन्न दुर्घटनामा पर्ने देखिएको छ जसले गर्दा युवाहरुलाई माटो, प्लाष्टिक तथा अन्य पदार्थको मुर्ति बनाउने सम्बन्धि सिप विकास गर्नु पर्ने देखिन्छ ।

## २. उद्देश्य :

गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी छ ।

- युवाहरुलाई मुर्ति बनाउने सीप विकास तालिम प्रदान गर्ने ।
- दक्ष जनशक्ति विकास गर्न ।
- रोजगारीको अवसर सृजना गर्न ।
- रोजगारी सिर्जना मार्फत गरिबी न्यूनीकरण गर्न ।

प्रमुख प्रशासकीय अधिकृत

## ३. कार्यविधि :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, १५ औं आवधिक योजना, दिगो विकासका लक्ष्यहरुमा लैंङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई महत्वका साथ सम्बोधन गरेको छ । कार्यालयमा कर्मचारीको अभाव, कार्य व्यस्थता र तालिमा ल्याब नरहेको कारणले मोबाईल मर्मत तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार यस क्षेत्रमा विज्ञता भएका विज्ञहरु, फर्म तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रस्तावना माग गर्ने तथा छनौट गरी काम गरिनेछ । यशोधरा गाउँपालिकाको तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ को अधिनमा रहि कार्यक्रमको बजेट शिर्षक अनुसार बाँडफाँड गरी स्वीकृत प्रस्तावना बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## ४. कार्यक्रम तथा बजेट :

यशोधरा गाउँपालिकाको आ. व. ०८०।८१ को लागि १३औं गाउँ सभाबाट संशोधित बजेट तथा कार्यक्रममा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र तर्फ **युवालाई मुर्ति बनाउने तालिम** कार्यक्रममा रु. २,००,०००।- (नेपाल सरकार नगद अनुदान तर्फ) रकम विनियोजित रहेको छ ।

## ५. लक्षित सहभागी :

यशोधरा गाउँपालिकामा स्थायी बसोबास गर्ने युवाहरु (१६ देखि ४० वर्ष) यस कार्यक्रमको लक्षित सहभागि हुन । यो तालिम कार्यक्रममा १० जनालाई सहभागि गराईन्छ । कार्यक्रममा गरिब, दलित, विपन्न, मुस्लिम, अपाङ्गता भएको व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## ६. संघ संस्था तथा फर्मको योग्यता र अनुभव :

- दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी,
- मुल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपी,
- २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
- मौजुदा सूचिमा दर्ता भएको सूचिकृत प्रमाण पत्रको प्रतिलिपी,
- समान प्रकृतिको कामको अनुभव भएको,
- संस्थाको कार्यानुभव र संस्थाको जनशक्तिको योग्यता एव अनुभवको विवरण र काम गर्ने मानविय श्रोतको वायोडाटा सहितको विवरण ।

## ७. संघ संस्था तथा फर्म छनौटको आधार :

कार्यक्रम संचालनका लागि सेवा प्रदायक संघ संस्था तथा फर्मबाट पेश भएका प्रस्तावहरुको मूल्यांकन प्रक्रिया देहायको आधार तथा तपशिलको अंकको सीमा ननाघ्ने गरी अंकभारको आधारमा मूल्याङ्कन गरी छनौट गरिनेछ :-

(क) खास कामको अनुभव - २५ अंक

(ख) संस्थागत क्षमता र स्थानीयता - २० अंक (१५ + ५ अंक)

(ग) जनशक्तिको योग्यता र अनुभव - २० अंक (१० + १० अंक)

(घ) लागत सहभागीता प्रतिशत तथा कागजात - १५ अंक (५ + १० अंक)

(ङ) न्यून लागत रकम - २० अंक

प्रमुख प्रशासकीय अधिकृत

**८. कार्यक्रमको मिति र सयम :**

सम्झौता हुने संघ संस्था वा फर्मले तालिम कार्यक्रम कम्तिमा १५ दिन सम्म सञ्चालन गर्नु पर्नेछ । तालिम यशोधरा गाउँपालिका भित्र सहभागीलाई सहज हुने स्थानमा सञ्चालन गर्नु पर्नेछ साथै सम्झौता पत्रमा उल्लेख हुने मिति र समयमा तालिम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।

**९. बजेट खर्च विवरण :**

यो कार्यक्रम संचालनको लागि संघ संस्थालाई कुनै प्रकारको पेश्की रकम उपलब्ध गराईने छैन । कार्यक्रममा लागि विनियोजित बजेट मध्ये सजहकर्ताको पारिश्रमिक, कार्यक्रम संयोजक र सहयोगी कर्मचारी भत्ता, खाजा, खाना, सहभागी भत्ता र यातायात खर्च, अनुगमन, स्टेशनरी, कोठा भाडा, हल भाडा, प्रविधि खरिद, तालिम सामग्री खरिद तथा अन्य व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

**१०. कार्यक्रमको भुक्तानी व्यवस्था :**

संघ संस्था वा फर्मले सम्झौता अनुसार कार्यक्रम संचालन गरी सम्पन्न भएको प्रतिवेदन लगायत अन्य बिल भरपाई पेश गरेको आधारमा कार्यक्रमको खर्च भुक्तानी गरिनेछ ।

| | |
|---|---|
| ................ | ................ |
| पेश गर्ने | सदर गर्ने |
| कृष्ण नाथ पाण्डेय | रामचन्द्र ढकाल |
| अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |